# कञ्चन गाउँपालिकाको

# स्वास्थ्य तथा सरसफाई नीति, २०७९

## कञ्चन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### कञ्चन-२, रुपन्देही

कार्यपालिकाबाट स्वीकृत मिति २०८० ज्येष्ठ ५ गते

# कञ्चन गाउँपालिकाको
# स्वास्थ्य तथा सरसफाई नीति, २०७९

## १. पृष्ठभूमि

नेपालको संविधानले नागरिकको मौलिक हकका रूपमा निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्योपचारका सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लिपिबद्ध स्वास्थ्यसम्बन्धी स्थानीय तहका काम, कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्य नीति २०७६, स्वास्थ्यसँग सम्बन्धित नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरू एवम्  गाउँपालिका भित्रका स्वास्थ्य क्षेत्रका समस्या र चुनौतीहरू, आवश्यकता र प्राथमिकताहरू, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाई गाउँपालिकाको स्वास्थ्य प्रणाली विकास, विस्तार र सुधार गर्न कञ्चन गाउँपालिकाले स्वास्थ्य तथा सरसफाइ नीति २०७९ तर्जुमा गरी जारी गरेको छ।

## २. नीतिगत सन्दर्भ

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ जारी भइसके पश्चात् आधारभूत स्वास्थ्य सेवा तथा सरसफाइलगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न काम, कर्तव्य तथा अधिकार स्थानीय तहलाई रहेको छ। सीमित स्रोतसाधनको उपलब्धताकै बीचमा गाउँपालिकाले नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने अवस्था रहेको छ। राष्ट्रिय स्वास्थ्य नीति २०७६ ले सङ्घीय संरचनाअनुसार स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई एकीकृत रूपमा विकास गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीच सहकारी र साझेदारी प्रवर्द्धन गर्नेलगायतका उद्देश्य र नीति लिएको छ। नेपालको संविधान, कानुन र नीतिअनुरूप स्वास्थ्य प्रणालीको विकास र विस्तारका लागि तीनओटै तहका सरकारबाट प्रयास भइरहेको छ तर त्यसअनुरूप गर्नुपर्ने थुप्रै कामहरू बाँकी छन्। नेपालको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू भएका छन् तर सँगसँगै नवीनतम स्वास्थ्य चुनौतीहरू पनि विद्यमान छन्। ती उपलब्धिलाई जोगाउँदै जनस्वास्थ्यका नवीनतम चुनौतीको सामना गर्नु सबै तहका सरकारहरूको दायित्व हो। स्थानीय सरकार गठन भइसकेपश्चात् गाउँपालिकाले नागरिकलाई सहज र सर्वसुलभ रूपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन नियमित स्वास्थ्य कार्यक्रमका साथै नवीनतम प्रयाससमेत गर्दै आइरहेको छ। वडासम्म स्वास्थ्य संरचनाको विस्तार तथा गुणस्तरीय सेवाप्रवाहका लागि सङ्घ तथ प्रदेशसँग सहकार्य भइरहेको छ। गाउँपालिकाले २ वटा स्वास्थ्य चौकी,  ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, १ आयुर्वेद स्वास्थ्य केन्द्र, ८ गाउँघर क्लिनिक, ८ खोप क्लिनिक र ५९ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरूद्वारा नियमित रूपमा स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन्। गाउँपालिकाले विशेष गरी सेवाबाट वञ्चितीकरणमा परेका दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समूहका, शारीरिक तथा मानसिक रूपमा अशक्त नागरिकहरूमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिँदै आएको छ तापनि सेवाको पहुँचमा असमानता विद्यमान छ।

कञ्चनवासीको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरूलाई प्रवर्द्धन गर्दै आगामी दिनहरूमा तथ्यमा आधारित योजना निर्माण गरि वैधानिकता प्रदान गर्नका लागि गाउँपालिकाले स्वास्थ्यको वस्तुस्थिति झल्कने गरी स्वास्थ्य पार्श्वचित्र समेत तयार गरिसकेको छ।

## ३. विद्यमान स्थितिः

आ.व. २०७७/०७८ को लागि गरिएको प्रक्षेपण अनुसार कञ्चन गाँउपालिकाको कुल जनसंख्या ३६६१० पुगेको अनुमान गरिएको छ जसमध्ये १ वर्षमुनिका बालबालिकाको संख्या ६०१ छ भने ५ वर्ष मुनिका बालबालिकाको संख्या २८७४ रहेको छ। त्यस्तै १० वर्ष देखि १९ वर्षसम्मका किशोरकिशोरीको संख्या ६५६८ छ। १५ देखि ४९ वर्षका प्रजनन् उमेरका महिलाहरूको संख्या १२२४४ रहेको छ। गाँउपालिकामा अनुमानित गर्भवती महिलाहरूको संख्या ७९४ छ र अनुमानित जीवित जन्मने बच्चाहरूको संख्या ६१८ जना छ। यो प्रक्षेपण अनुसार ६० वर्षमाथिका व्यक्तिहरूको संख्या ४०६४ छ। गाउँपालिका भित्र जम्मा घरधुरी संख्या ७४०० रहेको छ। हाल गाँउपालिकामा २ वटा स्वास्थ्य चौकी र ३ वटा आधारभुत स्वास्थ्य सेवा केन्द्रले  गाँउपालिका भित्र सेवा प्रवाह गरिरहेका छन्। साथै यस गाउँपालिका वडा नं ३ मा रुद्रपुर आर्युवेदिक औषधालय वाट आर्युवेदिक सेवा प्रदान गरिन्छ। कञ्चन

गाउँपालिकाबाट केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई प्रादेशिक र राष्ट्रिय सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि. नं | सूचकहरू | नेपाल DHIS2 (076/077) | लुम्बिनि प्रदेश DHIS2 (077/078) | कञ्चन गाउँपालिकाको तथ्यांक Source: DHIS2 | | | विकास लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| | | | | 075/76 | 076/77 | 077/78 | |
| १ | दुई वर्षमुनिका औसत तौल लिएका बच्चाहरु | | ३.६ | २.७ | ३.२ | ५.४ | |
| २ | दुई वर्षमुनिका कम तौल भएका बच्चाहरूको प्रतिशत | २.८ | २.८ | ०.५ | १.१ | १.० | |
| ३ | पुर्ण खोप पाएका बच्चाहरूको प्रतिशत | ६५ | ८३.१ | ९६.८ | ७३.६ | ८२.८ | ९५ |
| ४ | पहिलो पटकको गर्भवती जाँच ( कम्तीमा एक पटक) | १०७ | ९७.८ | ९३.६ | ९०.३ | ७५.५ | |
| ५ | प्रोटोकल अनुसार पहिलो पटकको गर्भवती जाँच | | ७५.२ | ८७.३ | ७५.१ | ६२.८ | १०० |
| ६ | प्रोटोकल अनुसार चौथो पटकको गर्भवती जाँच प्रतिशत | ५३ | ६०.७ | ८५.६ | ६०.८ | ५७.५ | ९० |
| ७ | संस्थागत प्रसूतिको प्रतिशत | ६५.६ | ७९.७ | २६.५ | २४.८ | १९.४ | ९० |
| ८ | तालिमप्राप्त दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएको प्रतिशत | ६२ | ७७ | २६.५ | २४.८ | १९.४ | ९० |
| ९ | नियमानुसार ३ पटक सुत्केरी जाँच गराउनेको प्रतिशत | १९ | २९.२ | २७.३ | १७.५ | १४.८ | ९० |
| १० | परिवार नियोजनको प्रयोगदर | ३७ | | | | १४.१ | ६० |
| ११ | बहिरङ्ग सेवा लिनेहरूको प्रतिशत | ८४ | ८२.१ | ३३.४ | ३८.६ | ३९.१ | |
| १२ | औलो पोजिटिभ देखिएका बिरामीमध्ये पीफान्सीपारम पोजिटिभ दर | ९.१ | ३१ | | | | |
| १३ | नयाँ क्षयरोगी बिरामी पत्ता लागेको दर (क्षयरोगी - प्रति १०००००) | ९३ | ११३.९ | १२३.३ | १२३.३ | १७५.२ | |
| १४ | क्षयरोगी उपचार सफलता दर | ८९ | ९०.३ | १०० | ९३.३ | ९८ | >९० |
| १५ | नयाँ कुष्ठरोगी बिरामी पत्ता लागेको दर (प्रति १००००) | ६.२ | १.१ | १.० | ०.२५ | ३.० | |

उल्लिखित सूचकहरूमा समग्रमा नेपालले उल्लेखनीय सफलता हासिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएता पनि वर्तमान अवस्था र आवश्यकताका आधारमा गुणस्तरीय स्वास्थ्य सेवाका लागि गर्नुपर्ने धेरै छ ।

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्याहरू

- नेपालको संविधानले प्रत्याभूत गरेअनुरूप गाउँपालिकाभित्र स्वास्थ्य सेवामा समतामूलक, सर्वसुलभ पहुँच समान किसिमले पुग्न सकेको छैन ।
- संघीय सरकारले निर्देश गरेको १५ शैयाको अस्पताल निमार्ण तथा संचालन हुन नसकेको ।
- गाउँपालिका भित्र संचालित निजि स्वास्थ्य क्लिनिकहरुलाई गाउँपालिकामा आबद्ध हुन नसकेको कारण आवश्यक अनुगमन तथा सुपरिवेक्षण गर्न नसकिएको ।
- मानिसहरुको अव्यवस्थित जिवनशैली र अस्वस्थकर खानपानका कारण नसर्ने रोगहरू संख्या बढ्दो छ र जनस्वास्थ्यका नयाँ जटिलताहरू वढ्दै जाने लगायतका समस्या विद्यमान छन् ।
- यस गाउँपालिका कुपोषण मुक्त नभैसकेको अवस्था छ ।
- दुर्घटना तथा विपदको जोखिम रहेको छ ।
- किशोर किशोरी मैत्री सेवाको पहुँच सबै स्वास्थ्य संस्थामा पुगेको छैन ।
- समय समयमा आइरहने स्वास्थ्य सम्बन्धि महामारी तथा सरुवारोगको प्रकोप विद्यमान छ ।
- बाल विवाहको समस्या विद्यमान रहेको ।
- फोहोर मैला तथा दिशाजन्य फोहरको उचित व्यवस्थापन, ढलनिकासा, सुरक्षित पिउने पानीको उचित व्यवस्थापन पुर्ण रुपमा नभएको ।
- चुरोट, रक्सी तथा लागु औषध दुर्व्यशन नियन्त्रणमा ल्याउन नसकेको ।
- यौनजन्य रोग तथा एच आई.भि. ⁄एड्स रहेको छ
- गाउँपालिकाका स्वास्थ्य संस्थाहरूमास्वास्थ्य जनशक्तिहरूका लागि समयानुकूल समुचित र उत्साहप्रद रूपमा काम गर्ने वातावरण सिर्जना गर्न थप पहल गर्नुपर्ने देखिन्छ ।
- सुरक्षित मातृत्वको सेवा ( नियमानुसार गर्भवती जाँच, सुत्केरी सेवा तथा उत्तर प्रसुति) लक्ष्य अनुसार प्राप्त हुन सकेको छैन ।
- परिवार नियोजनका नियमित सेवाग्राहीहरुको संख्या अत्यन्त कमि रहेको छ । सेवाको आवश्यकता भएका दम्पतिहरुलाइ सेवाको पहुँचमा ल्याउन सकिएको छैन ।
- गाउँपालिकामा नसर्ने खालका रोगहरू जस्तै; क्यान्सर, मुटु, मिर्गौला, मधुमेह, कलेजो, फोक्सोको रोग, दाँतको रोग, मानसिक रोगहरू बढ्दै गएको अवस्था छ । जनचेतनाको अवस्था कमजोर रहेको छ ।
- गाउँपालिकाभित्र रहेका गरिब, असहाय र सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरूका लागि स्वास्थ्योपचार महँगो पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महँगो भई सरकारले उपलब्ध गराउने बिपन्न सहुलियतले पनि नपुग भई परिवार नै गम्भीर आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा मृत्युवरण गर्नुपरेको अवस्था पनि विद्यमान छ ।
- गाउँपालिकाका नागरिकहरूमा गरिबी, अशिक्षा, चेतनाको अभावका कारण कुपोषण, स्वच्छ खानेपानी र सरसफाइको समस्या रहेको छ । जसका कारण झाडापखाला, मलेरिया, डेँगु तथा कमलपित्त लगायत सरुवा रोगहरुको महामारी फैलिने जोखिम रहेको छ ।
- स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार चिकित्सकीय सेवाहरु उपलब्ध हुन नसक्नुको कारण नवजात शिशु, बाल स्वास्थ्य तथा मातृ स्वास्थ्यजस्ता सेवामा पनि अपेक्षित लक्ष्य हासिल हुन सकेको छैन । यस गाउँपालिकामा हाल एउटा स्वास्थ्य संस्थामा मात्र प्रसुति केन्द्र रहेकोले संस्थागत सुत्केरीमा कमी रहेको छ । अन्यत्र प्रसुति केन्द्रमा सुत्केरी भएतापनि अभिलेखिकरणको समस्या रहेको छ । बाल बिवाहका कारण किशोरावस्थामै बच्चा जन्माउने गरेको पाइएको छ । यसैगरी गाउँपालिकामा मातृ तथा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको बिरामीदर तुलनात्मक रूपमा उच्च रहेको छ ।
- गाउँपालिकाका जडीबुटी एवम् आयुर्वेदिक उपचार पद्धतिको उपयुक्त व्यवस्थापन र सदुपयोग पनि हुन सकेको छैन ।
- गाउँपालिकामा रेबिज तथा सर्पदंशको प्रकोप रहेको छ भने मानिसहरुमा नैराश्यता तथा मानसिक समस्याले पछिल्लो समय आत्महत्याको संख्या बढेको देखिन्छ ।

- ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्योपचारमा पहुँचको कमी रहेको छ ।
- किशोरकिशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यका समस्या समयमै पहिचान गर्न नसकिएको, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग, नागरिकले पाएका स्वास्थ्य सेवा र ऐन, नियम कार्यान्वयनका सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा सुशासनका औजारहरू (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ र नागरिकका गुनासाहरू सुन्ने तौर तरिका) को उचित व्यवस्थापन र समुचित प्रयोग हुन नसकेको अवस्थाले गर्दा आर्थिक अनियमितता, बेरुजु र जनतामा सार्वजनिक स्वास्थ्य सेवाप्रतिको असन्तुष्टि अझै विद्यमान छ ।

### ४.२ चुनौतीहरू

- स्रोत र साधनको सीमितताका कारण आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको विस्तार र विकास गरी पहुँच वृद्धि गर्न तथा मातृ र बालमृत्युदर घटाउने कार्य गाउँपालिका परिवेशमा चुनौतीपूर्ण रहेको छ ।
- कतिपय ठाउँमा परम्परागत धामी, झाँक्रीप्रति नागरिकहरूमा अझैसम्म रहेको विश्वास र अभ्यासले गर्दा आधुनिक चिकित्सा पद्धतिप्रति विश्वास जगाउनुपर्ने चुनौती छ ।
- प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधी उपकरण पुऱ्याउन र  सेवाको पहुँच कम भएका क्षेत्रमा बसोवास गर्ने नागरिकलाई तोकिएको समयमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नुपर्ने चुनौती छ ।
- शिक्षा र चेतनाको स्तरमा कमीको कारणले आधारभूत स्वास्थ्य सेवाको समुचित व्यवस्था गर्न चुनौतीपूर्ण अवस्था सिर्जना भएको छ ।
- नवजात शिशु, बाल तथा मातृमृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि वेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, ज्येष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खासगरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँचयोग्य बनाउने चुनौती विद्यमान छ

### ४.३ अवसरहरू

- संविधानले सङ्घीय शासन प्रणालीमा आधारभूत स्वास्थ्य तथा सरसफाई लगायत स्वास्थ्यसम्बन्धी विभिन्न अधिकार स्थानीय तहमा राखेको तथा आफ्नो अधिकार क्षेत्रका विषयमा नीति, कानुन, योजना तर्जुमा र कार्यान्वयको समेत अधिकार रहेको सन्दर्भमा स्थानीय, आवश्यकता र चुनौतीलाई सम्बोधन गर्ने गरी स्वास्थ्यसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन गर्ने अवसर प्राप्त भएको छ ।
- गाउँपालिका भित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- गाउँपालिकामा स्वास्थ्य सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्ने ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा वृद्धि, एकीकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्ने ।

## ५. निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू

### ५.१ निर्देशक सिद्धान्त

- आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण, प्रवर्द्धन

- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

## ५.२ भावी सोच (Vision)

शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम नागरिक तयार गर्ने ।

## ५.३ ध्येय (Mission)

सङ्घ तथा प्रदेश सरकार, स्वास्थ्य सेवाप्रदायक, सेवाग्राही र सरोकारवालाहरूबीच समन्वय र रणनीतिक सहकार्य गरी सबै नागरिकको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.४ लक्ष्य (Goal)

समतामूलक, न्यायसङ्गत तथा जवाफदेही स्वास्थ्य सेवा प्रणालीका माध्यमबाट गाउँपालिकाका सबै नागरिकलाई गुणस्तरीय, स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरी स्वास्थ्य सेवाको उपभोगमा वृद्धि गर्ने ।

## ५.५ उद्देश्यहरू (Objectives)

(क) नागरिकलाई संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सिर्जना गर्ने,

(ख) सङ्घीय संरचना अनुरूप गाउँपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष जनशक्ति सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

(ग) स्वस्थ जीवनशैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवामार्फत गाउँवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने,

(घ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने,

(ङ) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैरसरकारी तथा निजी, क्षेत्रसँग बहुपक्षीय साझेदारी तथा सहकार्य एवम् सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने ।

# ६. नीतिहरू

गाउँपालिकाको स्वास्थ्य अवस्था सुहाउँदो भौगोलिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य सेवाका समस्या र चुनौतीहरूलाई सम्बोधन गरी नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीतिहरू अवलम्बन गरेको छ :

६.१ गाउँपालिकाका सबै नागरिकलाई नि:शुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

६.२ गाउँपालिकाभित्र बसोबास गर्ने सबै नागरिकहरुको विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्न न्यूनतम पूर्वाधार सहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।

६.३ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरूलाई स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।

६.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिकाभित्र एक अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्रहरूको व्यवस्था गरिनेछ ।

६.५ जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुन:स्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइने छ ।

६.६ स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

६.७ आयुर्वेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई समेत प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।

६.८ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

६.९ स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजनालाई थप परिमार्जन गर्दै लगिनेछ ।

६.१० स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै वञ्चितिमा परेका नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।

६.११ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

६.१२ कीटजन्य, सङ्क्रामक लगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा स्वास्थ्य संकट एव विपद् व्यवस्थापनका लागि साझेदारहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

६.१३ स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।

६.१४ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न स्वास्थ्य सेवालाई गुणस्तरीय, जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ ।

६.१५ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्द्धन गर्दै गाउँपालिका वासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ ।

६.१६ फोहरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्द्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्दै लगिनेछ ।

६.१७ भौगोलिक अवस्था, जनसांङ्ख्यिक स्थितिको आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

## ७. नीति अन्तर्गतका रणनीतिहरू:

**नीति ७.१ गाउँपालिकाका सबै नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।**

७.१.१ सम्पूर्ण स्वास्थ्य संस्थाहरूबाट निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराइने छ ।

७.१.२ स्वास्थ्य सेवाको पहुँच नपुगेको क्षेत्र र जोखिममा रहेका बस्ती पहिचान तथा नक्साङ्कन गरी भूगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरू स्थापना तथा विस्तार गरिनेछ ।

७.१.३ गाउँपालिका र स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवम् सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरूलाई सामञ्जस्यपूर्ण ढङ्गले सञ्चालन गर्न कार्ययोजना बनाई लागू गरिनेछ ।

७.१.४ सङ्घ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्बुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ ।

७.१.५. सङ्घ, प्रदेशद्वारा सञ्चालित सरकारी स्वास्थ्य संस्था तथा निजी एवं गैरसरकारी स्वास्थ्य संस्थाको साझेदारी र सहकार्यमा पहुँच नपुगेको क्षेत्रमा आधारभूत लगायतका स्वास्थ्य सेवा पुऱ्याउने व्यवस्था गरिनेछ ।

७.१.६ कञ्चनवासीको आवश्यकताको महसुस गरि घुम्ति शिविर तथा मोवाइल स्वास्थ्य सेवा संचालन गरिने छ ।

**नीति ७.२ गाउँपालिकाभित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्न न्यूनतम पूर्वाधार सहितको निदानात्मक सेवाको व्यवस्था तथा विस्तार गरिनेछ ।**

७.२.१ सङ्घ र प्रदेश सरकारसँग समन्वय गरी गाँउपालिकामा १५ शैयाको अस्पताल स्थापना गरि आवश्यकताका आधारमा अस्पतालको स्तरोन्नती समेत गरिनेछ ।

७.२.२ गाउँपालिका भित्रका साविकका स्वास्थ्य संस्थाहरू स्तरोन्नति गर्न विशेषज्ञ सेवा विस्तार गरी निदान तथा उपचार पद्धति सुदृढ गरिनेछ ।

७.२.३ नाक, कान, घाँटी, दन्त, मानसिक र नेत्र चिकित्सा जस्ता सेवालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाइनेछ ।

७.२.४ गाउँपालिका क्षेत्रभित्र समयसमयमा विशेषज्ञ सेवा सहितका स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ ।

**नीति ७.३ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई परिचालन गरी सेवाग्राहीहरूलाई स्वास्थ्य सेवा प्रणालीमा मूल प्रवाहीकरण गर्न उत्प्रेरित गरिनेछ ।**

७.३.१ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्वलाई स्वास्थ्य प्रवर्द्धन गर्ने र सर्ने तथा नसर्ने रोगका बारेमा अभिमुखीकरण गर्दै लगिनेछ ।

७.३.२ सामाजिक, सांस्कृतिक तथा धार्मिक नेतृत्वलाई उनीहरूले गर्दै आएका सकारात्मक परम्परागत पद्धतिका साथै स्वास्थ्य संस्थामा प्रेषण गर्ने क्रियाकलापलाई प्रोत्साहन गरिनेछ ।

७.३.३ धाँमी, झाँक्री, लामा, गुरु, पुजारी, मौलाना लगायतका परम्परागत सेवालाई जनस्वास्थ्य अभियानहरूमा सहभागी गराइनेछ ।

**नीति ७.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन गाउँपालिका भित्र एक अस्पताल तथा जनसङ्ख्या र भूगोलका आधारमा आवश्यक स्वास्थ्य संस्था र केन्द्रहरूको व्यवस्था गरिनेछ ।**

७.४.१ नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी गाउँपालिकामा बिशेषज्ञ सेवा सहितको अस्पताल स्थापना गरिनेछ ।

७.४.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सामुदायिक स्वास्थ्य इकाइ, सहरी स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरूमा सेवाको विस्तार गर्ने व्यवस्था मिलाइनेछ ।

७.४.३ प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्डअनुसार क्रमागत रूपमा व्यवस्था गरिनेछ ।

७.४.४ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, उत्कृष्ट अभियान सुरु गरी क्रमबद्ध रूपमा विस्तार गरिनेछ ।

७.४.५ आपूर्ति व्यवस्थापन प्रणाली विकास गरी औषधी, खोप तथा अन्य स्वास्थ्य सामग्रीहरूको प्रभावकारी सप्लाई चेन व्यवस्थापन गरिनेछ । औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मूल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ ।

७.४.६ गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा खानेपानी, बिजुली (वैकल्पिक व्यवस्था सहित), मापदण्ड अनुसार फोहोरमैला विसर्जन गर्ने व्यवस्था गरिनेछ ।

**नीति ७.५ स्वास्थ्यको संरक्षण र प्रवर्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतीकारात्मक, उपचारात्मक, तथा पुनःस्थापनात्मक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइने छ ।**

७.५.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्य अनुसार गाउँपालिकाका हरेक वडाहरूमा हाल सञ्चालित सुरक्षित मातृत्व, बालस्वास्थ्य, पोषणसँग सम्बन्धित कार्यक्रमलाई वडा तथा स्वास्थ्य संस्थासँग समन्वय गरी प्रभावकारी रूपले सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

७.५.२ विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम (विद्यालय पोषण-दिवाखाजा, जुकाको औषधी वितरण, स्वास्थ्य परीक्षण, किशोरकिशोरी सेवा) जस्ता प्रभावकारी सेवा सञ्चालन गरिनेछ र यी कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

७.५.३ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्त्वपूर्ण सूचकाङ्कहरूमा आधारित लक्ष्यहरू तय गरी आवधिक कार्ययोजना तयार गरी लागू गरिनेछ ।

७.५.४ सामुदायिक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरूबाट प्रवाह हुने सेवालाई वृद्धि गरी सरसफाइ प्रवर्द्धन, स्वस्थ व्यवहार प्रवर्धन, तथा स्वास्थ्य प्रदर्शनीका रूपमा विस्तार गरिनेछ ।

७.५.५ बर्थिङ सेन्टर तथा प्रसूति केन्द्रहरू आवश्यकता अनुसार थप गर्दै रणनीतिक स्थानमा सञ्चालनका लागि मानवस्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसूति केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नरको सुविधा उपलब्ध गराइनु को साथै पालिकाभित्र बसोबास गर्ने महिलाहरुको प्रसुति सेवाको लागि निशूल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ ।

७.५.६ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.५.७ सुर्तीजन्य पदार्थ, मादक पदार्थ र अन्य स्वास्थ्यलाई हानि गर्ने वस्तुहरूको उत्पादन तथा किनबेचलाई निरुत्साहित गरी यसको प्रयोगलाई सार्वजनिक संस्था र सार्वजनिक स्थानमा निषेध गरिनेछ । यस्ता वस्तुको उत्पादन, बिक्री वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने कानुन बनाई कार्यान्वयन गरिनेछ ।

७.५.८ बढ्दो नैराश्य तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने व्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ । बढ्दो आत्महत्यालाई न्युनिकरण गर्न "आत्महत्याबाट बचौं र बचाऔ" भन्ने मुल नारालाई अबलम्बन गरि आत्महत्याको न्युनिकरणका उपायहरु अभियान मार्फत संचालन गरि कार्यान्वयनमा ल्याइने छ ।

७.५.९ Package of Essential non communicable Disease (PEN) कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरिनेछ । उच्च रक्तचाप, मधुमेह, मिर्गौला रोग, मुटुरोग अर्बुद रोग, दम, मोटोपनाजस्ता नसर्ने रोगहरूको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकीकृत अभियान सञ्चालन गरिनेछ

७.५.१० स्वस्थ जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षणजस्ता स्वास्थ्य प्रवर्द्धनका क्रियाकलापहरू स्वास्थ्य संस्था तथा वडासँग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरी सञ्चालन गरिनेछ ।

७.५.११ गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुमा किशोरकिशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा तथा सेवा प्रवाहलाई लक्षित गरी विद्यालय नर्स कार्यक्रम मार्फत स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

**नीति ७.६ स्वास्थ्य क्षेत्रको जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।**

७.६.१ विशेषज्ञ तथा मध्यम स्तरका स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि सङ्घीय, प्रदेश सरकार एवम् शिक्षालयसँग समन्वय र सहकार्य गरिनेछ ।

७.६.३ जवाफदेहीपूर्ण एवम् प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा गाउँपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहित गरिनेछ ।

७.६.३ गाउँपालिकाभित्र कार्यरत स्वास्थ्यकर्मीको स्तर अनुसारको समुचित व्यवस्थापन गरिनेछ ।

७.६.४ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिका लागि सेवाकालीन तालिम, पेसागत वृत्तिविकास तथा कार्यसम्पादनमा आधारित प्रोत्साहनलाई प्रवर्द्धन गरिनेछ ।

७.६.५ आवश्यकता अनुसार स्वास्थ्यकर्मीको प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७.६.६ स्वास्थ्य सेवालाई गाउँपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

**नीति ७.७ आयुर्वेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई समेत प्रवर्द्धन र व्यवस्थित गरिनेछ ।**

७.७.१ जडीबुटी, आयुर्वेदिक औषधी तथा स्वास्थ्यसम्बन्धी विभिन्न स्थानीय परम्परागत ज्ञान-सीप- प्रविधिका बारेमा अध्ययन गरी वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

७.७.२ आवश्यकता र औचित्यका आधारमा विभिन्न स्थानमा जडीबुटीको व्यावसायिक खेती, सङ्कलन एवम् भण्डारणमा निजी क्षेत्रलाई सहभागी गराइनेछ ।

७.७.३ आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको स्थापना गरिनेछ ।

७.७.४ गाउँपालिकामा आयुर्वेद वैकल्पिक चिकित्सा पद्धतिको विधिलाई क्रमशः एकद्वार प्रणालीमार्फत सेवाप्रवाह गरिनेछ ।

७.७.५ गाउँपालिकाभित्र संचालित परम्परागत उपचार पद्धतिलाई अनुसरण गरि होमियोप्याथी तथा प्राकृतिक चिकित्सालयलाई व्यवस्थित गर्दै योग, ध्यान, व्यायामको साथै प्राकृतिक चिकित्साको माध्यमबाट उपचारको व्यवस्था मिलाइने छ ।

**नीति ७.८ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ ।**

७.८.१ हटलाइन, टेलिमेडिसिन लगायतका सेवाहरू सञ्चालन गरी सेवालाई थप प्रभावकारी बनाइनेछ ।

७.८.२ गाउँपालिका क्षेत्रमा सुलभ फार्मेसी सेवा विस्तार गर्न प्रोत्साहन गरिनेछ र स्वास्थ्य संस्थाहरूमा फार्मेसी थप व्यवस्थित गरिनेछ ।

७.८.३ गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड लागू गरी सोही अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

७.८.४ गाउँपालिकाको स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्थाहरूमा इन्टरनेटको पहुँच विस्तार गरी स्वास्थ्य संस्थाहरूबाट नै Online reporting लाई विस्तार तथा नियमित गरिनेछ ।

७.८.५ गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरूमा विद्युतीय अभिलेख तथा प्रतिवेदन गर्ने प्रणालीको विकास गर्दै लगिनेछ ।

**नीति ७.९. स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजना निर्माण गरिनेछ ।**

७.९.१ गाउँपालिकाभित्र स्वास्थ्यसम्बन्धी सूचना प्रणलीलाई व्यवस्थित गर्दै लगिनेछ ।

७.९.२ गाउँपालिकाको एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरी गुणस्तरीय बनाइनेछ ।

७.९.३ स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मी तथा अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवम् संस्थालाई पुरस्कृत गरिनेछ ।

७.९.४ गाउँपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

७.९.५ स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ

**नीति ७.१० स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै वञ्चितिमा परेका नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।**

७.१०.१ स्वास्थ्य बीमाको दायरा बढाई गाउँपालिकाका सबै नागरिकलाई स्वास्थ्य बीमामा आबद्ध गराइनेछ ।

७.१०.२ सङ्घीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बीमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

७.१०.३ अति गरिब, विपन्न तथा लोपोन्मुख समुदायहरूलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

७.१०.४ गाउँपालिकाको अस्पतालबाट स्वास्थ्य बिमाको सेवा संचालन गरिने छ ।

**नीति ७.११ सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

७.११.१ निजी उपचार प्रदान गर्ने संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवाप्रदायक संस्थाहरूका लागि कानुन, मापदण्ड, निर्देशिका बनाई सोहीअनुसार दता गर्ने, सञ्चालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।

७.११.२ गाउँपालिकामा जनस्वास्थ्य अधिकृतको व्यवस्थापन गरी स्वास्थ्य प्रवर्द्धन, अनुगमन तथा क्षमता अभिवृद्धि गर्ने कार्यमा परिचालन गरिनेछ ।

७.११.३ गाउँपालिका भरिमा सम्पूर्ण स्वास्थ्य संस्थाहरूको नियमन, नियमित अनुगमन, मूल्याङ्कन गर्न निर्देशिका बनाई सोही अनुसार लागू गरिनेछ ।

७.११.४ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रभावकारी बनाइनुका साथै सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरिनेछ ।

**नीति ७.१२ कीटजन्य, सङ्क्रामक लगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा स्वास्थ्य संकट एवं विपद् व्यवस्थापनका लागि साझेदारहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।**

७.१२.१ गाउँपालिकामा स्वास्थ्य संकट एवं विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

७.१२.२ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटनाजस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल उपचारको व्यवस्था गरिनेछ र गाउँपालिका भित्रका रणनीतिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्री जगेडाका रूपमा राखिनेछ ।

७.१२.३ गाउँपालिका तथा वडास्तरीय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकताअनुसार परिचालन गरिनेछ ।

७.१२.५ आकस्मिक स्वास्थ्य अवस्थामा परी सङ्कटमा रहेका (सुत्केरी व्यथा, दुर्घटना) को अवस्थामा प्रभावकारी प्रेषणको माध्यमबाट सेवा प्रवाह गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

७.१२.६ सङ्क्रामक रोगहरूको रोकथाम, नियन्त्रण र निवारण गर्ने सम्बन्धी कार्यक्रम कार्यान्विनयनको अनुगमन गरी सोको प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

७.१२.७ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरूमार्फत स्वास्थ्य संस्थाहरूमा स्क्रिनिङ सेवाहरू सञ्चालन गरिनेछ ।

७.१२.८ खोपबाट गर्न सकिने रोगहरूको रोकथाम नियन्त्रण तथा निवारणका लागि निगरानी कार्य गरी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरिनेछ र यसलाई निरन्तरता दिइनेछ ।

७.१२.८ सर्पदंश, रेबिज लगायत किटजन्य रोगहरु जस्तै मलेरिया, डेंगु, कालाजार, हात्तिपाइले, स्क्रब टाइफस, आदी रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा विस्तार गरिनेछ ।

**नीति ७.१३ स्वास्थ्य क्षेत्रमा गाउँपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै लगिनेछ ।**

७.१३.१ गाउँपालिकाको कुल बजेटको कम्तीमा १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमशः वृद्धि गरिनेछ ।

७.१३.२ अपाङ्गहरूका लागि आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था तथा सहयोगी सामग्रीको व्यवस्था मिलाइनेछ ।

७.१३.३. प्रेषण प्रणालीलाई व्यवस्थित बनाई उपचारका लागि अन्यत्र प्रेषण भएका बिरामीहरूको सहजीकरण र व्यवस्थापन गरिनेछ ।

७.१३.४ लैङ्गिक हिंसामा परेका, बेवारिसे, ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवम् हेरचाहका लागि निजी-सरकारी सहकार्यमा गाउँपालिका पुनःस्थापना केन्द्र स्थापना एवम् सञ्चालन गरिनेछ ।

७.१३.५ सङ्घ तथा प्रदेशसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्बुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ ।

७.१३.६ महिनावारी भएका वेला छात्राहरूको विद्यालय उपस्थितिलाई निरन्तरता दिन निःशुल्क सेनिटरी प्याड वितरणको व्यवस्था गरिनेछ ।

७.१३.५ अतिगरिब, असहाय, द्वन्द्वपीडित, अल्पसंख्यक तथा अन्य लोपोन्मुख जातिलाई गाउँपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिनेछ ।

**नीति ७.१५. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई जनमुखी एवं परिणाममुखी बनाउँदै लगिनेछ ।**

७.१५.१ स्वास्थ्य सेवाप्रदायक व्यक्ति र संस्थाहरूको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई गाउँपालिकाभरि प्रभावकारी रूपमा लागू गरिनेछ ।

७.१५.२ स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहीन कार्यलाई निरुत्साहित गरिनेछ । स्वास्थ्यकर्मीलाई आफ्नो काम, कर्तव्यप्रति जवाफदेही बनाइनेछ ।

७.१५.३. स्वास्थ्य सुशासन कायम गर्नका लागि सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ नागरिक बडापत्रको व्यवस्था गरिनुका साथै सेवाप्रवाहमा सेवाग्राहीहरूको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरी सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

७.१५.४ स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था तथा दातृनिकायहरूलाई जनतामुखी र परिणाममुखी कार्य गर्नका लागि उत्प्रेरित गरिनेछ ।

७.१५.६ गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा सञ्चार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७.१५.७ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरी सशक्त एवम् जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ ।

७.१५.८ स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरु लाई समय सापेक्ष तालिमको ब्यबस्था मिलाईने छ र स्वास्थ्य सेवाको जोखिमलाई मध्यनजर गरी थप सुविधा प्रदान गरीने छ ।

**नीति७.१६ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्धन गर्दै गाउँपालिकावासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यवर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ ।**

७.१६.१ खाद्य विविधीकरणमा जोड दिँदै स्थानीय तहसँग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खानालाई निरुत्साहित गर्नेसम्बन्धी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ ।

७.१६.२ अर्गानिक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरितगृह तथा प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

७.१६.३ पोषणयुक्त बालपौष्टिक आहार, दिवाखाजा लगायतका अन्य खाद्यपदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ ।

७.१६.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्त्वयुक्त खाद्यपदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्यपदार्थ प्रशोधन तथा बजारीकरणका लागि साना किसान र व्यवसायी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

७.१६.५ बहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शीघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवम् प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा पोषण पुनःस्थापना केन्द्रहरू स्थापना गरिनेछ ।

७.१६.६ स्थानीय बजारमा खाद्यपदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दूध उत्पादन बिक्रीवितरणका लागि नियमन गरिनेछ । कुनै पनि तयारी खानेकुराहरूमा अनिवार्य लेवलिङको व्यवस्था गरिनेछ ।

७.१६.७ फोहोरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनीकरण गर्दै लगिनेछ ।

**नीति ७.१७ जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।**

७.१७.१ गाउँपालिका भित्र समुदाय, स्वास्थ्य संस्थाहरु तथा सबै विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

७.१७.२ समुदायमा वितरण गरिएको खानेपानी तथा व्यावसायिक रूपमा उपलब्ध खानेपानीको निरन्तर गुणस्तर परीक्षण र निगरानी गरिनेछ ।

७.१७.३ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिनेछ ।

७.१७.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी वातावरणमा हुने धुलो धुवाँ प्रदुषण नियन्त्रण प्रणाली लागु गरिनेछ ।

७.१७.५ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी खुला दिसामुक्त गाउँपालिकाबाट पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाइनेछ र सोको दिगोपनको रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

७.१७.६ गाउँपालिकाभित्र खानेपानी, हावा, ध्वनिको प्रदुषणको अवस्था तथा गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ ।

७.१७.७ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरूसँग समन्वय गरी स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ

७.१७.८ स्वास्थ्य संस्थाजन्य फोहोरको व्यवस्थापन तथा विसर्जनसम्बन्धी मापदण्ड बनाई गाउँपालिका स्तरमा प्रभावकारी रूपमा लागू गरिनेछ ।

७.१७ जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा स्वास्थ्य सेवा र कार्यक्रमहरू तर्जुमा गरिनेछ ।

## ८. संस्थागत व्यवस्था

८.१ नीति कार्यान्वयनका लागि नेपालको संविधान र सङ्घीय संरचना अनुरूप यस नीतिले परिकल्पना गरे अनुसार गाउँपालिकाको स्वास्थ्य संरचनालाई नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा पालिकास्तरीय स्वास्थ्य प्रणालीको विकास र विस्तार गरिनेछ ।

८.२ गाउँपालिकाको नेतृत्वमा पालिकास्तरमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरू रहनेछन् भने स्वास्थ्य सेवाप्रदायकका रूपमा विभिन्न स्वास्थ्य संस्थाहरू हुनेछन् । त्यसैगरी आधारभूत लगायत अन्य स्वास्थ्य सेवाप्रवाहका लागि गाउँपालिका स्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ भने प्रत्येक वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू रहनेछन् । स्वास्थ्य संस्था स्थापना तथा सेवाविस्तारका लागि प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय एवम् सहकार्य गरिनेछ ।

८.३ नीतिले परिकल्पना गरे अनुसार स्वास्थ्य सम्बन्धी आवश्यक पालिकास्तरीय ऐन, नियम, मापदण्ड, निर्देशिका, कार्यविधि लगायतका कानुनी दस्तावेज तयार गरी लागू गरिनेछ ।

८.४ नीतिको विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

८.५ मानव संसाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोकसेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरूसँग समन्वय गरी संस्थागत क्षमता सुदृढ गरिनेछ ।

## ९. वित्तीय व्यवस्थापन

९.१ पालिकास्तरीय आधारभूत स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको वित्तिय व्यवस्थापन अवलम्बन गरिने छ :

९.१.१ संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजित बजेट ।

९.१.२ निजी, गैरसरकारी तथा साझेदार संस्थाबाट प्राप्त सहयोग ।

९.२ यस नीतिमा रहेका उद्देश्यहरू हासिल गर्न गाउँपालिकाका सबै शाखाहरूको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडि ल्याइनेछ। नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रममार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरू सम्बोधन गराउन पहल गरिनेछ। यस नीतिको प्राथमिकता अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, संयुक्त राष्ट्र सङ्घीय निकायहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्न पहल गरिनेछ।

## १०. अनुगमन र मूल्याङ्कन

यस नीति कार्यान्वयनका क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व गाउँपालिकाको हुनेछ। यसका लागि सामाजिक विकास समिति, गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन सुद्धृढिकरण समिति लगायत स्वास्थ्य शाखा संयन्त्रको क्षमता विकास गरिनेछ।

राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको नतिजामा आधारित अनुगमन मूल्याङ्कन ढाँचा तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणाली समेतलाई मध्यनजर गरी गाउँपालिकाले वडा समितिहरू एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण प्रणालीको विकास गर्नेछ। स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन उपयुक्त संयन्त्र निर्माण गरी अनुगमन, मूल्याङ्कन तथा सुपरिवेक्षण प्रणालीलाई नियमित, प्रभावकारी र सहज बनाइनेछ। कम्तिमा प्रत्येक दुई वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

नेपाल सरकार, प्रदेश सरकार तथा जिल्ला स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट गाउँपीलिकाले गरेका समग्र स्वास्थ्य अवस्थाको बारेमा अनुगमन, मुल्याँकन तथा सुपरिवेक्षण गरि आवश्यक पृष्ठपोषण तथा निर्देशन गर्न सक्नेछ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा लगिनेछ। स्वास्थ्यसँग सम्बन्धित आवश्यक कानुन तथा अन्तर्राष्ट्रियस्तरमा नेपालले गरेका प्रतिबद्धताको अधीनमा रही यस नीति कार्यान्वयनको कार्ययोजना बनाइने छ। यही कार्ययोजना अनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण गरि कार्यान्वयन गरिनेछ। वार्षिक रूपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ।

## १२. जोखिम

मौलिक अधिकारका रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम् सक्षम स्वास्थ्य प्रणाली मार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने स्रोत, साधनको व्यवस्थापन एवं समन्वयन हुन नसकेमा कार्यान्वयनमा कठिनाइ भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरू प्राप्तिमा जोखिम हुन सक्ने सम्भावना रहेको छ।